# नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

## Communist Party of Nepal (Unified Socialist)

## वाम एकता वार्ता समिति

**कमरेड घनश्याम भुसाल,**

तपाइँले हाम्रो पार्टीको 'वाम एकता वार्ता समिति'लाई सम्वोधन गरेर 'नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन, रूपान्तरण र एकीकरणका लागि प्रस्ताव' भनी लिखित रूपमा प्रस्तुत गर्नु भएका प्रस्तावहरू अध्ययन गरियो र केन्द्रीय सचिवालयको बैठकमा समेत छलफल गरियो । तपाइँले प्रस्तुत गर्नु भएका प्रस्तावहरू पार्टीले अहिले अँगालेको नीति, विचार, सिद्धान्त र दृष्टिकोणसँग मिल्दा छन् र सकारात्मक छन् ।

इतिहासमा भएका सबै उपलब्धी र कमजोरीहरू हाम्रा साझा विरासत हुन्, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को एकताले समाजवादी क्रान्तिका लागि तयार गरेको आधार संसदको विघटन र नेकपाको विभाजनले भत्कायो र नेकपाको विभाजनपछि नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) दुबै राजनीतिक, वैचारिक र कार्यदिशाको सवालमा पछाडि फर्के तर नेकपा (एकिकृत समाजवादी) सैद्धान्तिक, वैचारिक र कार्यक्रमिक रूपमा अहिले पनि नेकपाकै विन्दुमा रहेको छ र "कुनै दिन नेपालको कम्युनिष्ट आन्दोलन फेरि एकीकृत हुँदा अहिले नेकपा (एकीकृत समाजवादी)मा कायम रहेको सैद्धान्तिक विन्दुमा नफर्किकन सुखै छैन" भन्ने तपाइँको विश्लेषण पार्टीको तत्सम्बन्धी विश्लेषणसँग मिल्दो छ ।

नेपाली क्रान्तिको अबको कार्यदिशा समाजवाद निर्माणतर्फ अगाडि बढ्ने हो भन्ने नेकपा (एमाले) को नवौं महाधिवेशनको निर्णयप्रति नेकपा (एकीकृत समाजवादी) अहिले पनि प्रतिबद्ध छ । नेपाली क्रान्तिको आजको कार्यदिशा त्यही नै हो । समाजवादको ठोस कार्यक्रम बनाएर अगाडि बढ्नु र त्यो कार्यक्रम बोक्ने पार्टी निर्माण गर्नु आजको आवश्यकता हो । हामीले २०७७ चैत्र ४-५ मा आयोजित राष्ट्रिय कार्यकर्ता भेलामा नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरण गर्ने जुन दृढ अठोट गरेका थियौं, त्यसमा नेकपा (एकीकृत समाजवादी) आज पनि प्रतिबद्ध छ । पार्टी निर्माण सम्बन्धी तपाइँले राख्नु भएका धारणा उक्त प्रतिबद्धता अनुरूप नै छन् । त्यसैले तपाइँ अब छिटोभन्दा छिटो नेकपा (एकीकृत समाजवादी) मा आवद्ध भएर नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरणको यस महान अभियानमा सरिक हुन हार्दिक अनुरोध छ । यतिबेला नेपाली समाजमा विद्यमान समस्या समाधान गर्न समाजवादी कार्यदिशा अँगालेर अगाडि बढ्नु पर्दछ भन्ने दृष्टिकोण राख्ने विभिन्न कम्युनिष्ट समूह र व्यक्तिहरूलाई समेत समाजवादी कार्यदिशा अँगालेको यही नेकपा (एकीकृत समाजवादी) मा एकताबद्ध गर्ने कार्यमा हामी सबै सक्रियतापूर्वक लागौं भन्ने पनि अनुरोध छ ।

२७ पौष २०७९

डा.बेदुराम भुसाल

महासचिव एवं वाम एकता वार्ता समिती संयोजक,

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

Naya Baneshwor Aaloknagar , Bagmati Corridor, kathmandu,Nepal Phone:- 4106302
Email:-info.cpnus@gmail.com